# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, भदौ २१ गते २०३३ साल

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

विशेष अदालत ऐन, २०३१ को दफा ३ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

खण्ड १५ मिति २०२२।६।६ अतिरिक्ताङ्क १७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना बमोजिम गठन भएको वाग्मती विशेष अदालतको एक सदस्यमा न्याय सेवाका राजपत्रांकित द्वितीय श्रेणीका श्री बोधरीराज पाण्डेलाई तोकिएकोमा निजको सट्टा सर्वोच्च अदालतका शाखा अधिकृत श्री राजेन्द्रराज पन्तलाई श्री ५ को सरकारको मिति ०३३।५।२ को निर्णयानुसार तोकी हेरफेर गरिएको छ ।

आज्ञाले–
हरिप्रसाद शर्मा
श्री ५ को सरकारको का. मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको

## सूचना

विशेष अदालत ऐन, २०३१ को दफा ३ को उप–दफा (१) र (२) तथा दफा ५ को उप–दफा (१) र (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

१. देहायका सदस्यहरू भएको एक विशेष अदालत गठन गरिएको छः–

(१) धादिङ जिल्ला अदालतको जिल्ला न्यायाधीश श्री माधवराज थापा

(२) जिल्ला भूमिसुधार कार्यालय धादिङका शा. अ. श्री तीर्थराज भट्टराई

(३) धादिङ माल कार्यालयका हाकिम शा. अ. श्री अम्बरबहादुर शाह ।

२. धादिङ जिल्ला न्यायाधीश श्री माधवराज थापालाई विशेष अदालतको अध्यक्ष तोकिएको छ ।

३. धादिङ जिल्लामा बिर्ता उन्मूलन ऐन, २०१६ र सो सम्बन्धी संशोधन सहितका बिर्ता उन्मूलन नियमावली, २०२४ बमोजिम (क), (ख) बिर्ता श्रेणी छुट्याउने सम्बन्धमा धादिङ जिल्ला अदालतमा दायर भै रहेको र दायर हुने मुद्दाहरू तथा सो सम्बन्धमा पर्न आउने उजूरी लिई कार्यवाही किनारा गर्न यस विशेष अदालतलाई तोकिएको तथा सुम्पिएको छ ।

४. यस विशेष अदालतले धादिङ जिल्लाभित्र जहाँसुकै आफ्नो मुकाम कायम गर्न सक्नेछ ।

५. यो विशेष अदालत नेपाल राजपत्रमा प्रकाशित भएको मितिले २ वर्षको लागि गठन गरिएको छ ।

आज्ञाले–

हरिप्रसाद शर्मा

श्री ५ को सरकारको का. मु. सचिव

४६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।